# स्थानीय सरकार
# हेलम्बु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

प.सं: २०७९/८०
च.नं:

मितिः २०७९-०४-११

## फार्मेसी सञ्चालनको लागि आवेदनको सूचना ।

हेलम्बु गाउँपालिका भित्रका दिर्घरोग पहिचान भई नियमित औषधि खाइरहेका/खानुपर्ने व्यक्तिहरुका लागि हेलम्बु गाउँपालिकाको दिर्घरोगीहरुका लागि निःशुल्क औषधि वितरण कार्यविधि, २०७७ को दफा १५ अनुसार त्यस्ता औषधिहरु तोकिएको मापदण्ड भित्र रही विक्री वितरण गर्न ऐ. कार्यविधिको दफा १६ बमोजिम योग्यता पुगेका एक औषधी पसलको आवश्यकता भएकोले तपशिल बमोजिमका रोगहरुमा प्रयोग हुने समग्र औषधिहरुमा तोकिएको मुल्य (Marked Price) मा कति प्रतिशत घटाएर बिक्री वितरण गर्न सक्ने हो सोही मुल्य घटाघटका आधारमा औषधि पसल छनौट गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिलका कागजात पेश गर्नुहुन सम्वन्धित सबैमा जानकारी गरिन्छ।

...................................

तपशिलः

<u>गाउँपालिकाको अनुदानमा विक्रि वितरण हुने औषधिहरु</u>

१. मुटु रोग सम्बन्धी सम्पूर्ण औषधिहरु,
२. वाथरोग सम्बन्धि सम्पूर्ण औषधिहरु,
३. नसा रोग सम्वन्धी सम्पूर्ण औषधिहरु,
४. मृगौला रोग सम्बन्धी सम्पूर्ण औषधिहरु,
५. उच्च रक्तचाप रोग सम्बन्धी सम्पूर्ण औषधिहरु,
६. थाईराईड रोग सम्बन्धी सम्पूर्ण औषधिहरु,
७. मानसिक रोग सम्बन्धी सम्पूर्ण औषधिहरु,
८. दम रोग सम्बन्धी सम्पूर्ण औषधिहरु,
९. पक्षघात रोग सम्बन्धी सम्पूर्ण औषधिहरु,
१०. कोलेस्टेरोल रोग सम्बन्धी सम्पूर्ण औषधिहरु,
११. छाला सम्बन्धी Autoimmune रोग सम्बन्धी सम्पूर्ण औषधिहरु,
१२. अर्वुद रोग सम्वन्धी सम्पूर्ण औषधिहरु,
१३. छारे रोग सम्बन्धी सम्पूर्ण औषधिहरु,
१४. सुईबाट प्रयोग हुने औषधिको हकमा (इन्सुलीन) मात्र।

दरखास्त पेश गर्ने व्यक्ति वा निकायले पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

१. निवेदन,
२. फार्मेसी सञ्चालनका लागि कानून वमोजिम योगता हासिल गरी नेपाल फार्मेसी परिषदमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी,
३. कानून बमोजिम औषधी व्यवस्था विभागमा फार्मेसी दर्ता भएको प्रमाण पत्र र स्थायी लेखा नम्बर(PAN) प्रमाण पत्रको प्रतिलिपी,
४. मेगा बैंकमा रहेको खाता नं. ०९७००१००३५६२८ खाता नामः हेलम्बु गाउँपालिका आन्तरिक राजश्व खाता ग.१.१ मा रु.५०००|-(पाँच हजार रुपैंया मात्र) जम्मा गरेको सक्कल भौचर
५. मार्कड प्राइसमा कति प्रतिशतले घटाएर औषधि विक्रि वितरण गर्न सक्ने हो उल्लेख गरी शिलबन्द गरीएको कागजात
६. गत आ.व. सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी।

**पुनश्चः औषधि व्यवस्था विभागमा दर्ता भई नेपाल अधिराज्य भर सञ्चालन भएका फार्मेसीहरुले दरखास्त दिई छनौट भएमा स्थान्तरण गरी हेलम्बु गाउँपालिकाले तोकेको स्थानमा फार्मेसी सञ्चालन गर्नुपर्नेछ र हेलम्बु गाउँपालिकाको दिर्घरोगीहरुका लागि निःशुल्क औषधि वितरण सम्बन्धी कार्यविधि, २०७७ हेलम्बु गा.पा. को वेबसाइट https://helambumun.gov.np/ मा हेर्न सकिनेछ।**